१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २६३ ॥ २०८२ मंसिर ०७ गते आईतबार (23rd Nov 2025 Sunday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# निर्वाचनमा जाने कांग्रेसको निर्णय, एमाले एक्लियो

झापा(प्रस) । नेपाली कांग्रेसले २१ फागुनमा निर्धारित प्रतिनिधिसभा निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको शनिवारको बैठकले वर्तमान राजनीतिक संकटको निकास, संविधानको संरक्षण र जेन-जीले उठाएको मागलाई संस्थागत रुपमा निर्वाचनबाटै सम्बोधन गर्न सकिने ठहर गर्दै निर्वाचनमा जाने निर्णय लिएको हो ।

त्यस्तै राष्ट्रियसभा निर्वाचन र प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णयसमेत गरेको छ । तर, दल दर्ताका लागि पठाइने पत्रमा सभापति शेरबहादुर देउवाकै नाम पठाउने वा कार्यवाहक सभापति पूर्णबहादुर खडको नाम पठाउने भन्नेबारेमा उल्लेख गरिएको छैन । दल दर्ता गर्दा सभापति देउवाकै नाम पठाइएमा पछि टिकट वितरणमा देउवा नै सक्रिय हुने आशंका छ ।

कांग्रेसले निर्वाचनको वातावरण निर्माण बनाउन आग्रहसमेत गरेको छ । आम नागरिकलाई भयरहित वातावरण बनाउन कांग्रेसले हराइरहेका हतियार र कैदीबन्दीहरुलाई तत्काल नियन्त्रणमा लिनुपर्ने माग गरेको छ ।

पार्टी महाधिवेशनको विवाद नमिलेका कारण त्यसबारेमा भने बैठकले कुनै निर्णय गर्न सकेन । महामन्त्री गगन थापाले यस सम्बन्धमा फेरि छलफल गरेर बैठक बस्ने बताए । फागुन २१ को निर्वाचन अगाडि महाधिवेशन गर्ने कि पछाडि भन्ने विवाद नमिलेको अवस्थामा कांग्रेसले राष्ट्रिय राजनीतिका विषयमा भने निर्णय गरेको हो । कांग्रेस केन्द्रीय समिति बैठकले सो निर्णय गरेपछि नेकपा एमाले भने दबाबमा परेको छ । यसअघिसम्म निर्वाचनमा जाने/नजाने दोधारमा रहेको कांग्रेस अन्ततः निर्णय नै गरेर चुनावमा जाने भएको हो ।



कांग्रेस अनिर्णीत हुँदा फाइदा पुगेको एमालेलाई भने अब गाह्रो पर्ने देखिएको छ । शनिबार कांग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेसँगै एमालेलाई दबाब पर्ने देखिएको छ, यद्यपि एमालेले पनि खुलेरै निर्वाचनमा नजाने निर्णय भने गरिसकेको छैन । तर उसले आफ्नो सबैखाले बैठक तथा सभा-समारोहमा सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन गराउन नसक्ने बताउँदै आइरहेको छ ।

कांग्रेसले अन्य राजनीतिक दललाई पनि चुनावमा भाग लिन आह्वान गरेको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउनुपर्ने कांग्रेको भनाइ छ ।

यता एमालेले निर्वाचनमा भाग नलिन मुख्य बहाना सुरक्षा कारण देखाइरहेको छ । जसका कारण चुनाव नै हुन सक्दैन भनिरहेको छ । एमालेको बागमती प्रदेश कमिटीले शनिवार आयोजना गरेको जनसभामा बोल्ने एमालेका नेताहरूले पनि वर्तमान सरकारले चुनाव गराउनै नचाहेको आरोप लगाउँदै संसद् पुनर्स्थापनाको माग गरे ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले विगतदेखि नै जनताले सुरक्षाको प्रत्याभूति नगरेका कारण चुनाव हुन नसक्ने बताउँदै आएका छन्। देशमा चुनाव गराउने वतावरण नै नभएको उनको भनाइ छ ।'जेलबाट अपराधीहरू भागेका छन्, प्रहरीका हतियारहरू लुटिएका छन्, यस अवस्थामा चुनाव गराउन सम्भव छैन,' उनको भनाइ छ ।

शनिवार पनि काठमाडौँमा पार्टीले गरेको कार्यक्रममा ओलीले यही कुरा दोहोर्‍याएनन् मात्र, राजनीतिक दलहरूलाई चुनावमा नजान उक्साए । उनले दलहरूलाई भावनामा नबग्न र एकछिनलाई भ्रममा नपर्न आग्रह गरे । प्रतिशोधको भावनाले लोकतन्त्र जाँदा ताली पिट्न नहुने भन्दै उनले सबै राजनीतिक दलहरूलाई आग्रह, पूर्वाग्रहको हिसाबले नसोच्न र यो असंवैधानिक सरकारको पछिपछि जन्तीजस्तो नलाग्न आग्रह गरे ।

यता एमालेका नेता विष्णु रिजाल भने एमाले चुनावको विरोधमा नभएको बताएका छन् । तर देशमा चुनाव गराउने वतावरण नै नरहेको उनको भनाइ छ । 'कांग्रेसले चुनावमा जाने निर्णय गरेको छ, त्यसको निर्णय गर्ने स्वतन्त्रता हो, त्यसमा एमालेले केही बोल्न मिल्दैन,' उनले भने, 'तर देशमा चुनाव गराउने वतावरण नै छैन, हामी स्पष्ट छौँ ।'

आफूहरूको बटमलाइन संसद् पुनर्स्थापना भएकाले जहाँबाट गल्ती भएको छ, त्यहीबाट सुधार गर्नुपर्ने धारणा रहेको उनको भनाइ छ । संसद पुनर्स्थापना गरेर मात्र चुनावमा जानु उपयुक्त हुने रटान लगाएका रिजालले एमालेका नेतामाथि अहिले चौतर्फी प्रहार भइरहेको समेत बताए । 'पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई नै उपत्यका बाहिर जान नदिइएको अवस्थामा चुनाव कसरी हुन्छ कसरी हुन्छ', उनले प्रश्न पनि गरे ।

'सरकारको लक्ष्य नै चुनाव गराउने छैन, चुनाव गराउने हो भने देशमा शान्ति सुरक्षा कायम गर्न सक्थ्यो,' रिजालले भने, 'तर वतावरण त्यस्तो देखिएन ।' उनले चुनावको विषयमा एमालेले कांग्रेसलगायत अन्य दलहरूसँग पनि छलफल गर्ने बताए ।

# निर्वाचनमा ३ लाख १५ हजार सुरक्षाकर्मी परिचालन गरिने

झापा(प्रस) । आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा चार सुरक्षा निकायका ३ लाख १५ हजार सुरक्षाकर्मी परिचालन गरिँदैछ । मतदानस्थल तथा मतदान केन्द्रको सुरक्षा व्यवस्थापनमा १ लाख ३० हजार म्यादी प्रहरी भर्ना गर्नुपर्ने केन्द्रीय सुरक्षा समितिको निष्कर्ष छ । तर कति संख्यामा म्यादी प्रहरी भर्ना लिने भन्ने यकिन भइसकेको छैन ।

म्यादी प्रहरीले पाउने सुविधाबारे अर्थ मन्त्रालयसँग समन्वय गरेर बजेट स्वीकृत भएपछि मात्रै भर्ना संख्या यकिन हुने प्रहरी प्रधान कार्यालयका अधिकृतहरू बताउँछन् । मतदानस्थल तथा मतदान केन्द्रको सुरक्षा घेरा तीन तहको हुनेछ । पहिलो घेरामा प्रहरी र म्यादी खटिनेछन् । एकीकृत सुरक्षा योजना अनुसार निर्वाचन सुरक्षामा ७३ हजार प्रहरी परिचालन गरिने छ । सशस्त्र प्रहरीका ३१ हजार सुरक्षाकर्मी दोस्रो घेरामा खटिनेछन् । एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार चुनावमा ७९ हजार सेना खटिँदैछन् । केन्द्रीय सुरक्षा समितिको निर्णय अनुसार राष्ट्रिय सुरक्षा परिषद्ले सेना परिचालन गर्न सिफारिस गरेको छ । निर्वाचनमा सेना तेस्रो घेरामा परिचालित हुनेछ । निर्वाचनमा सूचना संकलनको जिम्मेवारीसहित राष्ट्रिय अनुसन्धान विभागका दुई हजार सुरक्षाकर्मी परिचालन गरिने राष्ट्रिय अनुसन्धान विभागका एकजना उच्च अधिकृतले बताए ।

एकीकृत सुरक्षा योजनामा निर्वाचनमा आउन सक्ने सुरक्षा चुनौतीबारे विश्लेषण गरिएको छ । नेपाली कांग्रेस र नेकपा एमालेजस्ता ठुला दलभित्रको 'बेमेल'लाई पनि चुनौती मानिएको छ । कुनै समूहले निर्वाचन बहिष्कार गर्न सक्ने उल्लेख गर्दै एकीकृत सुरक्षा योजनामा भनिएको छ, 'पार्टीभित्रको बेमेलको अवस्था र बहिष्कार गर्ने दलका कारण झडपको अवस्था आउनसक्छ ।'

भदौ २३ र २४ मा भएको आन्दोलनबाट उदाएका जेनजी अगुवाहरूको बिचमा एकमत देखिँदैन । जेनजी अगुवा मिराज ढुंगानाले नयाँ राजनीतिक दल घोषणा गरेपनि आयोगमा दर्ता गरेका छैनन् । उनले आफ्नो समूहको बटमलाइन सरकारले पूरा

❖ बाँकी तेस्रो पृष्ठमा

# झापामा ३५ हजार ३१९ नयाँ मतदाता थपिए

झापा(प्रस)। प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणापछि झापामा ३५ हजार ३१९ नयाँ मतदाता थपिएका छन् । फोटो तथा औँठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स) मार्फत ११ हजार ७३३ र र राष्ट्रिय परिचयपत्रमार्फत २३ हजार ५८६



नयाँ मतदाता थपिएको निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालले जानकारी दिए। योसँगै झापामा मतदाताको संख्या ७ लाख १४ हजार ५९५ पुगेको छ । प्रतिनिधिसभा निर्वाचन घोषणाअघि जिल्लामा मतदाताको संख्या ६ लाख ७९ हजार २७६ रहेको थियो । देशभरि भने आठ लाख ३७ हजार ९४ नयाँ मतदाता थपिएका छन् ।

निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली दर्ता तथा अद्यावधिकका लागि थप गरेको समय शुक्रवार मध्यरातिदेखि सकिएपछि नाम दर्ता गर्ने नयाँ मतदाताको विवरण सार्वजनिक भएको हो ।

आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने व्यवस्था गराएपछि अनलाइनबाट नाम दर्ता गराउनेको संख्या बढेको हो ।

प्रधानमन्त्री सुशीला कार्कीले पनि नयाँ मतदाताको संख्या समावेश गर्दै मतदाता नामावली सङ्कलन सकिएको सामाजिक सञ्जालमा उल्लेख गरेकी छन् । गत कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको संख्या एक करोड ८१ लाख ६८ हजार २३ रहेको थियो ।

सो अघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपेको थियो ।

# एसियन हाइवेमा कालोपत्रे धमाधम

झापा(प्रस) । एसियन हाइवेको काँकडभिट्टा- लौकही सडकको पूर्वी खण्डमा कालोपत्रे गर्ने कार्यलाई तीब्रता दिइएको छ । अहिलेसम्म एकतर्फी करिव २.५ किलोमिटर सडक कालोपत्रे भएको छ । अर्को सातादेखि धरमपुर , इटाभट्टा , केर्खा र कन्काईमा गरी चार ठाउँमा सडकको दुईतर्फ नै कालोपत्रे शुरु गरिने काँकडभिट्टा- लौकही सडक आयोजना पूर्वी खण्डले जनाएको छ । काँकडभिट्टादेखि केर्खा सितापुरीसम्मको ४५ किलोमिटर सडक एभ्रास्कोन- कालिका जे.भी.ले १० अर्ब ६ करोड रुपैयाँमा ठेक्का लिएका छन् । अहिले यातायात



आवतजावतलाई असर नगर्ने गरी कालोपत्रे गरिरहेको जनाउँदै आयोजनाले अर्को सातादेखि त्यसले तीब्रता पाउने बताएको छ । निर्माण कम्पनीले तीन वर्षको म्याद पाएको छ । उनीहरुले २०८० माघ १९ गतेदेखि काम शुरु गरेका थिए ।

पहिलो प्याकेजअन्तर्गत सडकको ठेक्का लगाइएको हो भने चौथो प्याकेजअन्तर्गत ३०० मिटरभन्दा लामा तीनवटा पुलहरु निन्दा , बिरिङ र कन्काईको ठेक्का लगाइएको छ । ५ अर्ब ९७ करोड रुपैयाँमा कोभेक-क्रेजसी-टुन्डी जेभीले ती तीनवटा पुलको ठेक्का पाएका हुन् । दुवै ठेक्काको संझौता मिति २०८० कात्तिक २ गते र निर्माण सम्पन्न गर्नुपर्ने मिति कार्य प्रारम्भ मितिबाट ३ वर्षभित्र रहेको छ ।

# इप्रका दमकबाट लुटिएको ११ राउण्ड गोली भेटिए

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको विभिन्न हतियारका थप ११ राउण्ड गोली भेटिएको छ । शुक्रवार साँझ ६:४० बजे दमक ७ स्थित मानव सेवा आश्रमनजिकै भित्री सडकखण्ड छेउमा बेवारिसे अबस्थामा गोली फेला परेको हो । बेवारिसे अबस्थामा रहेको एसएलआर राईफलको राउण्ड ५ थान , इन्सास राईफलको राउण्ड



३ थान र ३०३ राईफलको राउण्ड ३ थान गरी जम्मा ११ राउण्ड गोली फेला परेको प्रहरीले जनाएको छ । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट २० थान हतियार लुटपाट भएको थियो । त्यसमध्ये ३ थान हतियार भेटिएको छ । अझै १७ थान हतियार र करिव ४ हजार राउण्ड गोली भेटिन बाँकी रहेको जनाइएको छ ।

# दुर्गा प्रसाई समूहले पत्र पठाएपछि झापाका विद्यालय बन्द

झापा(प्रस)। दुर्गा प्रसाई समूहले पत्र पठाएपछि झापाका शिक्षण संस्थाहरुले आज आइतवार बन्द गर्ने भएका छन् । जिल्लाका निजी तथा सामुदायिक विद्यालयहरुले सूचना जारी गरी आ-



आफ्ना विद्यालय बन्द गर्ने जनाएका हुन् । दुर्गा प्रसाई नेतृत्वको राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले प्याक्सन झापालाई पत्र पठाउँदै मंसिर ७ गते विद्यालय बन्द गर्न अनुरोधसहित चेतावनी दिएको थियो । केन्द्रीय प्रवक्ता माधव कल्पित र संगठन सचिव प्रेमदीप लिम्बूले प्याक्सन झापालाई पत्र पठाउँदै महाअभियानद्वारा २७ बुँदे माग राखी मंसिर ७ गतेबाट घोषित राष्ट्, नागरिक र धर्म जोगाउने अनिश्चितकालीन नेपाल बन्द कार्यक्रममा आ-आफ्ना उद्योग धन्दा, कलकारखाना, बैंक तथा वित्तीय संस्थाहरु, व्यापार -व्यवसाय, शैक्षिक प्रतिष्ठान, यातायात बन्द गरी नागरिक स्तरबाट हुन लागेको अन्तिम र निर्णायक आन्दोलनमा सहयोग पुर्‍याउन अनुरोध गरेका थिए । उनीहरुले बन्द कार्यक्रमको अवज्ञा गरी कोही कसैअज्ञात समूहबाट तोडफोड , आगजनी र लुटपाट भएमा महाअभियान जिम्मेवार नरहने चेतावनीसमेत दिएका छन् ।

झापामा दुर्गा प्रसाई समूहको बन्द हुन नदिने गरी सुरक्षा व्यवस्था मिलाइएको छ । बन्द हड्ताल हुन नदिने गरी सुरक्षाको बन्दोबस्त मिलाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्गा प्रसाईका कार्यकर्ताहरु बिर्तामोडमा बढी केन्द्रीत हुने गरेकाले त्यस क्षेत्रमा बाक्लो सुरक्षाकर्मी तैनाथ गरिने जनाइएको छ । बिर्तामोडमा दुर्गा प्रसाई समूहको शुक्रवारको प्रदर्शन र बिहीवार साँझ गरिएको मसाल जुलुसको सहभागी संख्यालाई आँकलन गरी सोही अनुसार सुरक्षा व्यवस्थाको तयारी गरिएको प्रहरी स्रोतले जनाएको छ ।

# बजारमा सामान बेच्दा बेच्दै राजवंशीको मृत्यु

झापा(प्रस)। झापाको गौरीगञ्ज वडा न.१ स्थित कुञ्जिबारी बजारमा सामान बेच्दा बेच्दै ढलेर एकजनाको मृत्यु भएको छ । शनिवार दिउँसो ३ बजे शिवसताक्षी वडा न.५ बस्ने ७२ वर्षीय सम्पतलाल राजबंशी कुञ्जिबारी बजारमा ढलेका हुन् ।



बीउबिजनको ब्यापार गर्न कुञ्जिबारी बजार गई ब्यापार गरिरहेकोमा अचानक चक्कर लागेर राजवंशी बेहोस भएका थिए। उनलाई उपचारको लागि दमक अस्पताल दमक पठाइएकोमा दिउँसो ४:३५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। घटनाबारे प्रहरीलाई जानकारी प्राप्त हुनसाथ टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सुहाङले दिए एमाले महाधिवेशन प्रतिनिधिमा उम्मेदवारी

झापा(प्रस)। नेकपा एमालेको आसन्न एघारौं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधिसभाका निवर्तमान सदस्य सुहाङ नेम्वाङसहित ७२ जनाले इलाममा उम्मेदवारी दर्ता गराएका छन् । मंसिर २७ देखि २९ गतेसम्मका लागि तोकिएको महाधिवेशनका लागि एमाले इलामले गठन गरेको



निर्वाचन समितिले उम्मेदवारी दर्ता प्रक्रिया शनिबार सुरु गरेको थियो । सो क्रममा इलाम क्षेत्र नम्बर २ बाट निर्वाचित निवर्तमान सांसद सुहाङ नेम्वाङ र क्षेत्र नम्बर १ बाट निर्वाचित अर्का निवर्तमान सांसद महेश बस्नेतसहितको उम्मेदवारी परेको हो ।

इलाम निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित हुने १० जना प्रतिनिधिका

❖ बाँकी पृष्ठ ४ मा

# राष्ट्रसेवक सहकारीको अध्यक्षमा गुरागाई सर्वसम्मत




भद्रपुर(प्रस) । राष्ट्रसेवक सहकारी संस्था लि. भद्रपुर १० को २६ औं साधारण सभाबाट लक्ष्मीप्रसाद गुरागाई संस्थाको अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

वीरेन्द्र नमुना क्यापसको सभाहलमा सम्पन्न साधारण सभाबाट उपाध्यक्षमा तेजिन्द्र न्यौपाने, सचिवमा शेषराज पौडेल र कोषाध्यक्षमा कृष्ण रुचाल चयन भएका छन् ।यसैगरी सदस्यमा रामचन्द्र मिश्र, भिमा भट्टराई, जीवनकला राउत, मन्दिरा श्रेष्ठ र राजेन्द्र प्याकुरेल निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै, लेखा सुपरीवेक्षण समितिको संयोजकमा घनेन्द्रप्रसाद ढकाल तथा सदस्यमा सुरेश भट्टराई र सुभाषकुमार विक समेत निर्विरोध चयन भएका छन् । कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय महासचिव रामचन्द्र अधिकारी प्रमुख अतिथि रहेका थिए । सहकारीका अध्यक्ष वशिष्ठ अधिकारीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा अध्यक्ष अधिकारीले ३ अर्बको सम्पति दायित्वसहित सहकारीको आर्थिक वर्ष २०८१/८२ मा १ करोड ५८ लाख ७४ हजार ५ सय रुपैयाँ बराबरको शेयर पुँजी रहेको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा सहकारीलाई व्यवस्थित रूपमा ४ वर्षे कार्यकालमा योगदान दिने संचालक समिति पदाधिकारीहरु अध्यक्ष अधिकारीसहित४ जना तथा कर्मचारी अनुज खतिवडा र नुतन पौडेललाई प्रशंसापत्र प्रदान गरेर सम्मान गरिएको थियो । उपाध्यक्ष डिल्ली ढकालले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन नवराज पोखरेलले गरेका थिए । निर्वाचन समितिको संयोजकका रूपमा कृष्णप्रसाद शर्माले नेतृत्व गरेको समितिमा सदस्य प्रेमबहादुर गुरागाई र श्यामप्रसाद गुरागाई रहेका थिए ।

# मार्क वाटको शतकमा कर्णालीको शानदार जित

झापा(प्रस) । मार्क वाटले विष्फोटक ब्याटिङ गर्दै शतक बनाएपछि कर्णाली याक्सले लुम्बिनी लायन्सलाई ९ विकेटले पराजित नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणमा पहिलो जित हात पारेको छ ।

लुम्बिनी लायन्सले दिएको १५७ रनको कर्णालीले १२.२ ओभरमा १ विकेट गुमाएर पूरा गरेको हो । कर्णालीका लागि ओपनर मार्क वाटले अविजित रहँदै ११४ रन बनाए । ४४ बल खेलेका उनले ६ चौका र १२ छक्का प्रहार गरे । उनले बाउण्ड्रीबाटै ९६ रन जोडेका थिए ।यस्तै विलियम बोसिस्टोले २० बलमा अविजित २९ रन बनाए । ओपनिङमा प्रमोट भएका मार्क वाटले पहिलो विकेटका लागि प्रियांक पान्चलसँग ३.५ ओभरमा ३८ रनको साझेदारी गर्दै राम्रो सुरुवात दिलाएका थिए ।



पहिलो खेलमा ९० रन बनाएका पान्चल आज १२ रन बनाएर आउट भए । लुम्बिनीका शेर मल्लले जेजे स्मिथबाट पान्चललाई क्याचआउट गराए । त्यसपछि वान डाउनमा आएका विलियम बोसिस्टोसँग मार्क वाटले अर्को राम्रो साझेदारी गरे । वाटले लुम्बिनीविरुद्ध विष्फोटक ब्याटिङ गर्दै लुम्बिनीका बलर हरुमाथि हावी बने । दोस्रो विकेटका लागि वाट र बोसिस्टोले शतकिय साझेदारी गरे ।

बलिङमा लुम्बिनीका शेर मल्लले मात्र १ विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १५६ रन बनाएको थियो । ४९ रनमा रहेका बेला रोहितलाई कर्णालीका कप्तान सोमपाल कामीले आउट गरेका थिए । रोहितले ४३ बल खेल्दै ४ चौका र २ छक्का प्रहार गर्दै ४९ रन जोडे । रुबेन ट्रम्पलम्यानले लेट केमियो खेल्दै १३ बलमा अविजित २८ रन योगदान गरे ।

उनले १ चौका र ३ छक्का प्रहार गरे । यस्तै जेजे स्मिथले १४ बलमा २ चौका र १ छक्का मदतमा २३ तथा डार्शी सटले १९ रन जोडे । अन्य ब्याटरको प्रदर्शन सम्झनलायक रहेन । पहिलो १० ओभरमा कर्णालीका लागि नन्दन यादवले २ तथा सोमपाल कामी, गुल्सन झा, मार्क वाट, युवराज खत्री र विपिन प्रसाद शर्माले १-१ विकेट लिए ।

# इप्रका बिर्तामोडबाट भागेका थप दुई थुनुवा पक्राउ



झापा(प्रस)। जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट भागेका थप दुईजना थुनुवा पक्राउ परेका छन् ।

शुक्रवार दिउँसो १ बजे लागूऔषध मुद्दाका फरार थुनुवा कनकाई २ बस्ने बर्ष ३३ का रमेश मुखिया सुनुवार र कनकाई ३ बस्ने बर्ष ४२ का चन्द्र पौडेललाई प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरी टोलीले ती दुवैलाई उनीहरुको घरबाट नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याई थप अनुसन्धान भइरहेको छ । जेनजी आन्दोलनका बेला गम्भीर , जघन्य प्रकृतिका र अन्य अपराधमा संलग्न भइ अनुसन्धानमा रहेका इप्रका दमकबाट ५१ जना, बिर्तामोडबाट ३६ जना र झिलझिलेबाट ५ जना गरी ९२ जना थुनुवा फरार भएका थिए । त्यसमध्ये हालसम्म १२ जना मात्र पक्राउ परेका छन् भने ८० जना फरार नै रहेका छन् ।

# आगलागीबाट खसीबाख्रा र कुखुरासहित गोठ जलेर नष्ट

झापा(प्रस)।झापाको अर्जुनधारामा भएको आगलागीबाट १० वटा खसीबाख्रा र ५० वटा कुखुरासहित गोठ जलेर नष्ट भएको छ । आगो निभाउने क्रममा दुईजना घाइते भएका छन् ।

शुक्रवार राति ११:३० बजे अर्जुनधारा -१० चोथाई बस्ने बलबहादुर दाहालको गाईगोठमा अचानक बिजुली सर्ट भई आगलागी भएको हो । आगलागीबाट गोठमा रहेका १० वटा खसीबाख्रा र ५० वटा बोईलर कुखुरासहित गाईगोठ पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीबाट अन्दाजी १३ लाख २५ हजार बराबरको क्षति भएको छ ।



बिर्तामोड र मेचीनगर नगरपालिकाको दमकल, प्रहरी र स्थानीयबासीको सहयोगमा बिहान २ बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगो निभाउने क्रममा दाहालकी श्रीमती बर्ष ४२ की छत्रकुमारी थापाको दुवै हात आगोले पोलेको छ भने सोही ठाउँ बस्ने बर्ष ७० की भीमादेवी भण्डारी लडेर घाइते भएकी छन् । दुवैजना घाइते शंकर अस्पताल शनिश्चरेमा उपचारपश्चात् डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# बाढीपीडित विद्यार्थीहरुलाई फिल्टर सहयोग

झापा(प्रस) । झापा गाउँपालिकाका बाढीपीडित विद्यार्थीहरुलाई फिल्टर वितरण गरिएको छ ।

झापाका सामाजिक अभियन्ता शरद जोशीले वाइन टु वाटर , राउण्ड टेबल नेपाल र रोटरी क्लब अफ काठमाण्डु हाइटको सहकार्यमा झापा गाउँपालिकाका २५० बाढीप्रभावित विद्यार्थीलाई नानो-मेम्ब्रेन प्रविधियुक्त पानी फिल्टर वितरण गरेका हुन् ।

गाउँपालिकाका चार विद्यालयका विद्यार्थीहरुलाई सो सहयोग प्रदान गरिएको थियो । हालैको बाढीबाट प्रभावित विद्यार्थी तथा परिवारलाई लक्षित गरी जनविकास माध्यमिक विद्यालय, अमृत माध्यमिक विद्यालय, इन्द्रेणी प्राथमिक विद्यालय तथा मदरसा-ए-इस्लाम रसुङ्गञ्जमा यो कार्यक्रम गरिएको हो।



कार्यक्रममा शरद जोशीले वाइन टु वाटरबाट प्राप्त फिल्टरको प्रयोग विधि तथा सरसफाइका तरिका विद्यार्थी र अभिभावकहरुलाई सिकाएका थिए। उनका अनुसार उचित विधि प्रयोग गर्न सकेमा अमेरिकामा निर्मित यो फिल्टर १० वर्षसम्म टिकाउ हुने क्षमता राख्छ। कार्यक्रममा राउण्ड टेबल नेपालका अध्यक्ष सुमित मित्तल, एरिया को-अर्डिनेटर पियूष लुनिया, बिर्तामोड राउन्ड टेबल-२७ का अध्यक्ष विकास अग्रवाल, साथै सामाजिक व्यक्तित्व शम्भु सुस्केरा, प्रकाश पाठक, सोम बजगाईं लगायतको उपस्थिति रहेको थियो।कार्यक्रममा राष्ट्रिय अध्यक्ष सुमित मित्तलले भने,"बिकट भूगोलमा आएर पीडित समुदायलाई सहयोग गर्न पाएकोमा हामी खुशी छौँ। आगामी दिनहरूमा पनि विकास र सेवामा निरन्तर समर्पित रहिरहनेछौँ।"

त्यसैगरी सहभागी विद्यालयका प्रधानाध्यापक, जनप्रतिनिधि तथा स्थानीय सरोकारवालाले बाढीपीडित विद्यार्थी तथा उनीहरुका परिवारलाई स्वच्छ पानी उपलब्ध गराउन यस सहयोगले ठूलो मद्दत पुग्ने बताएका छन्। सामाजिक अभियन्ता जोशीका अनुसार हालसम्म इलामका ३५ परिवारलाई अस्थायी टहरा तथा झापा, सुनसरी र इलामका ६सयभन्दा बढी परिवारलाई सुरक्षित पानी फिल्टर वितरण गरिसकिएको छ। विशेषगरी दुर्गम तथा जोखिमयुक्त क्षेत्रमा सेवा पुऱ्याउँदै आएका उनी पछिल्ला १० वर्षदेखि निरन्तर सामाजिक कार्यमा सक्रिय रहेका छन्।

# विराटनगरको लगातार दोस्रो जित

झापा(प्रस) । विराटनगर किंग्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा लगातार दोस्रो विजय हात पारेको छ । टोलीले शनिबारको दोस्रो खेलमा काठमान्डु गोर्खाजलाई ५ विकेटले पराजित गऱ्यो ।

विराटनगरले १ सय ३५ रनको लक्ष्य त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय रंगशाला कीर्तिपुरमा १७.१ ओभरमै पुरा गऱ्यो । सुदूरपश्चिम रोयल्सपछि पहिलो दुवै खेल जित्ने विराटनगर अर्को टोली भएको छ । विराटनगरले पहिलो खेलमा एनपीएलकै उच्च स्कोर २ सय २० रन बनाउँदै पोखरा एभेन्जर्ससँगको खेल ५३ रनले जितेको थियो ।

पहिलो खेलमा डिफेन्डिङ च्याम्पियन जनकपुर बोल्टसलाई ५ विकेटले पराजित गरेयता काठमान्डु लगातार दोस्रो खेलमा पराजित भइसकेको छ । टोली अघिल्लो खेलमा सुदूरपश्चिम रोयल्ससँग २९ रनले पराजित भएको थियो ।

विदेशी खेलाडीद्वय जर्ज मन्सी र मार्टिन गप्टिलको आक्रामक ब्याटिङमा विराटनगरले विजयको आधार तयार पारेको थियो । लोकेश बम २ छक्का प्रहार गर्दै १० बलमा १४ रन बनाई आउट भएपछि मन्सी र गप्टिलले दोस्रो विकेटमा २४ बलमा ५३ रन जोडेका थिए ।

मन्सीले १६ बल खेली ५ चौका र २ छक्कासहित ३६ तथा गप्टिलले १९ बलमा २ चौका र १ छक्कासहित २५ रन बनाए । बसिर अहमद १७ बल खेली समान १ चौका र छक्का प्रहार गरी १९ रनमा आउट भए । नरेन भट्ट ३० बल खेली २ चौका प्रहार गर्दै २४ रनमा आउट भए ।

शुभम् रन्जने ८ बलमा ६ र कप्तान सन्दीप लामिछाने ३ बलमा ९ रन बनाई अविजित रहे । गोर्खाजका साहब आलमले ४ ओभरमा १९ रन खर्चेर २ तथा कप्तान करण केसी, सन्तोष यादव र जेर्हराई इरसमसले १-१ विकेट लिए ।

यसअघि टस हारेपछि ब्याटिङको निम्तो पाएको काठमान्डुले कमजोर ब्याटिङ गर्दै निर्धारित २० ओभर खेली ६ विकेट गुमाई १ सय ३४ रनमात्र बनाउन सकेको थियो । आदिल अलाम अन्सारीले अविजित ४८ रन बनाए । उनले २५ बलको सामना गर्दै ४ चौका र २ छक्का प्रहार गरे । जसको कारण काठमान्डुले अन्तिम ५ ओभरमा १ विकेट गुमाई ६३ रन जोडेर हेर्न लायक स्कोर बनाउन सकेको थियो ।

पावर प्लेको पहिलो ६ ओभरमा काठमान्डुले ३ विकेट गुमाई २२ रनमात्र बनाउन सकेको थियो । टोलीले केवल कुल ६ चौका र ५ छक्का प्रहार गर्न सकेको थियो । आकाश त्रिपाठी पहिलो ओभरमै शून्यमा आउट भएका थिए । रिकार्डो भास्कोनसेलोस ३ रनमा रनआउट भए । प्रतियोगितामा पहिलो पटक मौका पाएका प्रतीक श्रेष्ठले पनि २ रनमात्र बनाउन सके । इरसमस १० रनमै आउट भए ।



ओपनर बेन चार्ल्सवर्थले ३३ बल खेली १ चौका र २ छक्कासहित ३२ रन बनाए । उनलाई १३ औँ ओभरमा रन्जनेले आउट गरे । त्यसपछि आदिल र सन्तोषले छैटौँ विकेटमा ३० बलमा ४५ रनको साझेदारी गरे । सन्तोषले २४ बल खेली १ चौकासहित २६ रन बनाए । जोहन सिम्पसन ५ बल खेली ७ रन बनाई अविजित रहे । विराटनगरका मर्च्येन्ट डी ल्याङ्गेले ४ ओभरमा १७ रन खर्चेर २ तथा सन्दीप, रन्जने र सूर्य तामाङले १-१ विकेट लिए ।

# आङ्दिमका डाँडा–पाखामा अकबरे खुर्सानी

झापा । तेह्रथुमको छथर गाउँपालिका-१, आङ्दिमका डाँडाहरूमा केही वर्ष अघिसम्म मकै र कोदोको परम्परागत खेती हुन्थ्यो । जीवन निर्वाहका लागि गरिने त्यो खेतीले किसानका ओठमा मुस्कान ल्याउन सकेको थिएन । तर, आज तिनै डाँडाहरू अकबरे खुर्सानीको पिरो सुगन्ध आउँछ ।

पिरो खुर्सानीले स्थानीय किसानहरूको जीवनमा भने मिठो परिवर्तन ल्याएको छ । पिरो खुर्सानीले उनीहरूको भान्सा मात्र होइन, आर्थिक र सामाजिक जीवनस्तर नै बदलिदिएको छ ।

यो परिवर्तनको नेतृत्व गरेको छ, दुई वर्षअघि स्थापना भएको 'आङ्दिम कृषक समूह'ले । ४५ जना स्थानीय किसानहरू मिलेर बनेको यो समूहले छरिएर रहेको खेती प्रणालीलाई संगठित मात्र गरेन, व्यावसायिकतातर्फ डोऱ्याएको समूहका सचिव, युवा किसान सुर्जन बस्नेत बताउँछन् । उनका अनुसार, पहिले व्यक्तिगत रूपमा फाट्टफुट्ट गरिने अकबरे खेती अहिले गाउँको मुख्य आम्दानीको स्रोत बनेको छ ।

'पहिले हामी मकै, कोदो, बन्दा, काउलीजस्ता बाली लगाउँथ्यौं, जसले मुस्किलले खान पुग्थ्यो,' सुजन भन्छन्, 'तर जब हामीले व्यावसायिक रूपमा अकबरे खेती शुरू गऱ्यौं, यसले नगद आम्दानी मात्र दिएन, गाउँका युवाहरूलाई विदेश पलायन हुनबाट रोक्ने आशा पनि देखायो ।'

आङ्दिमका किसानहरूले व्यक्तिगत रूपमा खेती गरे पनि समूहले उनीहरूलाई प्राविधिक ज्ञान, सरकारी अनुदान र बजारसँग जोड्ने पुलको काम गरेको छ । यहाँका किसानहरूले २-३ हजारदेखि १०-१२ हजारसम्म अकबरेका बिरुवा रोप्ने गरेका छन् । सुर्जन आफैंले यो वर्ष ९ हजार बिरुवा रोपेका थिए । समूहका ४५ जना किसानले सामूहिक रूपमा ४० देखि ४५ हजार बिरुवा रोप्दा वार्षिक २५ देखि ३० हजार किलो अकबरे उत्पादन हुने अनुमान गरिन्छ । एउटा बोटले आफ्नो जीवनकालमा ६०० देखि ८०० ग्रामसम्म उत्पादन दिने गरेको उनको अनुभव छ ।

अकबरे खेतीले गाउँमा आर्थिक तरलता बढाएको छ । नगदे बाली भएकाले किसानहरूको दैनिक जीवनयापन सहज बनाएको किसानहरू बताउँछन् । 'आर्थिक रूपमा यसले निक्कै ठूलो टेवा पुऱ्याएको छ,' सुर्जनले भने, 'विगतका वर्षहरूको तुलनामा अहिले किसानहरूको जीवनस्तरमा स्पष्ट सुधार देख्न सकिन्छ ।' यो नगद आम्दानीले नै गाउँमा स्थानीय रोजगारी सिर्जना गरेको छ र सबैभन्दा महत्त्वपूर्ण कुरा, युवाहरूलाई कृषिमा भविष्य देख्न प्रेरित गरेको छ ।

तर, यो यात्रा चुनौतीरहित भने छैन । यो वर्ष प्रतिकूल मौसम र रोगको प्रकोपले उत्पादनमा भारी गिरावट आएको किसानहरू बताउँछन् । सुर्जनका अनुसार उनले रोपेका ९ हजार बिरुवामध्ये झन्डै ४ हजार बिरुवाले मात्रै उत्पादन दिएको छ । बजारको अनिश्चितता अर्को ठूलो चुनौती हो । कहिलेकाहीँ राम्रो मूल्य पाइने अकबरेले यो वर्ष भने किसानलाई केही निराश बनायो । सरदरमा प्रतिकिलो १५० देखि १८० रुपैयाँमा मात्र बिक्री भइरहेको छ । यो मूल्य अघिल्ला वर्षहरूको तुलनामा कम हो ।

बजारसम्मको पहुँच पनि सहज छैन । व्यापारीहरू गाउँसम्म आइपुग्दैनन् । किसानहरू आफैंले उत्पादनलाई धनकुटाको सिधुवा र तेह्रथुमको बसन्तपुरसम्म ढुवानी गर्नुपर्ने बाध्यता छ । यी सबै चुनौतीका बाबजुद पनि किसानहरूको उत्साहमा कमी आएको छैन । आङ्दिमका किसानहरूको अर्को रोचक पक्ष भनेको उनीहरूले अकबरेको मौलिक स्वादलाई जोगाइराख्नु हो । बजारमा प्रतिबोट दुई केजीसम्म फल्ने हाइब्रिड जातहरू आए पनि उनीहरूले पुरानै, बाक्लो बोक्रा भएको र स्वादिलो 'ओरिजिनल' अकबरेलाई नै निरन्तरता दिएका छन् । 'नयाँ जातहरू पिरो भए पनि स्वादिलो हुँदैन र पेट पोल्ने समस्या हुन्छ,' सुर्जन भन्छन् । उनीहरूका लागि अकबरे आम्दानीको स्रोत मात्र होइन, स्वाद र परम्पराको पहिचान पनि हो ।

सिँचाइका लागि ठूला खोलानाला नभए पनि यहाँका किसानहरूले पोलिथिन पाइप र स्प्रिङ्कल प्रविधिमार्फत् पानीको व्यवस्थापन गरेका छन् । उनीहरूको यही मेहनत र लगनशीलताले गर्दा आङ्दिम आज अकबरे खेतीको एक नमुना क्षेत्र बन्न सफल भएको छ ।

छथरको डाँडामा फलेको अकबरेको पिरो स्वादले स्थानीय किसानहरूको जीवनमा आर्थिक र सामाजिक मिठास घोलेको छ । सही योजना, सामूहिक प्रयास र दृढ इच्छाशक्ति हुने हो भने परम्परागत खेतीमा आश्रित गाउँहरू पनि व्यावसायिक कृषिमार्फत् समृद्धिको बाटोमा लम्किन सक्छन् भन्ने उदाहरण यहाँका किसानले देखाउन थालेका छन् ।

# करेन्ट लगाएर माछा मार्दा ताजपुरियाको मृत्यु

झापा(प्रस) । करेन्ट लगाएर माछा मार्दा झापाको गौरादहमा एकजनाको मृत्यु भएको छ ।



शनिवार दिउँसो १२:२० बजे गौरादह वडा नं ६ र गौरीगंज वडा नं ६ को सिमाना पर्ने रामचन्द्रे खोलामा गौरादह ६ आरतिनगर बस्ने ५० वर्षीय रामकुमार ताजपुरिया करेन्ट लगाएर माछा मार्न गएका थिए । आफ्नो घरदेखि २०० मिटर उत्तर पश्चिम रामचन्द्रे खोलामा घरको २२० भोल्ट लाइनको तार जोडी माछा मार्ने क्रममा तार सर्ट भई करेन्ट लाग्दा उनको घटनास्थलमै ज्यान गएको हो ।

खोलामा मृत अवस्थामा उनकी श्रीमती फुलकुमारी ताजपुरियाले देखेर प्रहरीलाई खबर गरेकी थिइन् । प्रहरी टोली खटिएर थप अनुसन्धान तथा कानुनी प्रकृया भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## सुहाङले..

लागि प्रतिस्पर्धामा ४२ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन समितिले जनाएको छ । खुलामा २४, महिलामा ८ र युवामा १० जनाको उम्मेदवारी दर्ता भएको छ । क्षेत्र नम्बर १ बाट निर्वाचित हुने ९ जना प्रतिनिधिका लागि २० जनाको उम्मेदवारी परेको छ । जसमध्ये खुलातर्फ १८, जना महिलामा ६ र युवामा ६ जनाले उम्मेदवारी दिएका छन् । दलित प्रतिनिधितर्फ भने देवेन्द्र विश्वकर्मा प्रतिनिधिमा सर्वसम्मत भएका छन् । एमाले इलाम क्षेत्र नम्बर १ मा ४ हजार ८ सय २१ र क्षेत्र नम्बर २ मा ५ हजार ७ सय ८१ पार्टी सदस्य रहेका छन् ।

यसरी नै दलित सदस्य ४ सय ४७ जना रहेको नेकपा एमालेले जनाएको छ । सबै प्रतिनिधि सर्वसम्मत गर्ने प्रयास गर्ने र सम्भव नभए मंसिर १३ गते एकैसाथ सबै वडामा निर्वाचन गरे प्रतिनिधि चयन गर्ने कार्यक्रम रहेको एमालेले जनाएको छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## प्रेमगञ्जको प्रतीक्षालय !



• त्रिलोचन सुवेदी

प्रेमगञ्जको प्रतीक्षालयमा
आँखाका दुई परेला ढपक्क जोडेर
बडो मज्जाले झुमिरहेको छ एक सालिक
दुई खिली गाँजा तानेर लट्ठिएझैं
बडो मज्जाले लट्ठिएजस्तै
थपक्क बसेको छ यो चिसोमा
चिसिएको सिमेन्टको कुर्सीमाथि।

उसलाई कुनै फिकर छैन
यो बाटोमा अत्तरको बास्ना छर्दै को हिँड्छ
उसलाई कुनै फिकर छैन
को हिँड्छ कसले कसको हात समातेर
उसलाई प्रेमको आभास छैन
उसलाई बिछोडको गुनासो छैन
न भगवान् सम्झन्छ
न भाग्य सम्झन्छ

न त रोजी रोटी
न त रोजगार
न त सरकार
ऊ चुपचाप छ

ऊ प्रेम गर्दैन
ऊ साथी बनाउँदैन
ऊ कसैको नजिक हुँदैन
कहिल्यै नजिक हुँदैन
कहिल्यै टाढा हुँदैन
उसले पहिल्यै थाहा पाइसकेको जस्तो गर्छ
नजिक हुनु भनेको टाढा हुँदा मन दुख्नु हो
प्रेम गर्नु भनेको छुट्टिँदा तड्पिनु हो
साथी बनाउनु भनेको चित्त नबुझ्दा
स्वार्थी कमाउनु हो

उसलाई
चियाको बाफ जस्तै लाग्छ
यो बाटोको ओहोरदोहोर
यो बाटोको होहल्ला
यो बाटोका मान्छे
यो बाटोको गुनासो

ऊ भन्छ-
म न कसैको आलोचना गरेर अडिनु पर्छ
न कसैको निकट भएर फाइदा लिन
ऊ ढल्ने भनेको मात्र एक पटक हो
मात्र एक पटक ढल्नु पर्छ आन्दोलनमा!

साथी बनाएर पटक पटक प्रहार सहनुभन्दा
प्रेम गरेर पटक पटक मन दुखाउनुभन्दा
नजिक भएर पटक पटक नानाथरी सहनुभन्दा
प्रेम गरेर दिनहुँ मन दुखाएर ढल्नुभन्दा
आन्दोलनमा एकफेर ढल्नु बेस
म उसको आरिस गर्दै छु
वाह! क्या जिन्दगी छ यार तेरो!

प्रेमगञ्जको प्रतीक्षालय
बडो मज्जाको एक सालिकलाई
वर्षौंदेखि सहारा बनेर उभिएको छ
साथ र साथीत्व प्रदान गर्दै
उभिएको छ
छेउमा म उसको आरिस गर्दै
वाह! क्या गज्जबको जिन्दगी छ है तेरो भन्दै
बायाँ खुट्टाले चुरोटको टुटो निमोठ्दै
जुरुक्क उठ्छु
र सुरु हुन्छ
उही
खुद्रा समस्या
र
थोक खुसीको उहीँ पुरानै बाँकी अंश...!

# 'यो सिन्दूर कसको?'



• प्रेमकृष्ण श्रेष्ठ

बुढाबुढीहरू लहरै बसिरहेको पेटीमा फेरि अर्को एउटा साँझ खस्यो। बाघचाल खेल्दै गरेका दुई वृद्धहरूले सबै ढुङ्गाहरू एकातिर थुपारे, भोलिको लागि। अघिका बाघ एकक्षणमा ढुङ्गा बनेर हो कि अरू कारण, खेल हेर्दै गरेकी बुढीमान्छे जसको मुखमा केवल दुई थान दाँत बाँकी रहेको छ, ऊ खिस्स हाँस्छे। हाँसोको अरू कुनै कारण छैन। अचेतन मनबाट निस्केको त्यो खित्त हाँसो त्यहाँनेरी हुने कसैले चाल पाउँदैन।

त्यो बुढी मान्छे जो अचेतन मनले आजभोलि खिस्स-खिस्स हाँस्न थालेकी छन्, उसको नाम हो- अष्टमाया। अष्टमायाले आफ्नो जीवनको हरेक भोगाइहरू बिर्सिसकेकी छिन्। यसर्थ, जीवनमा आँसु र हाँसोमा कुन चाहिँ भारी उनले छुट्याउन सक्दिनन्। तर जीवनको यो घडीमा अचेतन मनले नै हाँस्ने र अचेतन मनले नै रुन थालेकी छन्। टाढा हेरेर बस्छिन्, मानौँ कसैको मौन प्रतीक्षा छ। जीवनमा आज उनलाई आफ्नो चार अक्षरको नाम पनि याद छैन।

उनी खासै केही बोल्दिनन्। कहिलेकाहीँ बोल्छिन् तर बोल्दा उही कुरा दोहोऱ्याएर कुरा बोल्छिन्। अचेल डुब्दै गरेको घाममा टोलाएर हेर्ने बानी परेको छ उनलाई। उनका दायाँ-बायाँ दुइटै हात चल्दैनथ्यो। खुट्टा भने अलिअलि हिँड्न सक्थिन्, जसको सहायताले उनी दिनभरि घाम ताप्न पिँढीमा भने आउन सक्थिन्। सधैँ उसलाई वृद्धाश्रमकै एक सेविकाले चम्चाले घिन मानी मानी भात खुवाउँथिन्।

उनी जवानीमा असाध्यै राम्री थिइन्। उनका श्रीमान् तातोपानीबाट काठमाडौँमा सामान ल्याउने गाडी चलाउँथे। एक दिन गाडी चलाउन हिँडेको श्रीमान् घर फर्केन। कसैले भन्यो, उसको श्रीमानको ट्रक त्रिशूलीमा बेपत्ता भयो। कसैले भने, ट्रक कतै थन्काएर मान्छे बेपत्ता भयो। एक्काइस वर्षको कलिलो उमेरमै श्रीमान बेपत्ता भएपछि छोरोलाई उनले बडो दुख गरी हुर्काइन्।

रत्नपार्कको फुटपाथमा ठेला गाडी धकेलेर, चुरोट, चाउचाउ र अन्य साना-साना सामानहरू बेच्न थालिन्। श्रीमान् नभए पनि उनले कयौँ वर्ष श्रीमानको पर्खाइमा सिउँदोमा सिन्दूर लगाएर बसिरहिन्। जब लाग्यो अब श्रीमान् फर्कँदैन, उनले सिन्दूरले सिउँदोमा रेखा कोर्न छोडिदिइन्। उनको सिउँदो खालि देखेर गाडी चलाउने कति चालकहरूले चुरोट किन्ने बहाना गरेर हातमा मुलायम तरिकाले छुन्थे। उनले सबै कुरा, चाल पाउँथिन् तर केही जवाफ फर्काउँदैन थिइन्। किनभने उनलाई त्यही चुरोट बेचेको पैसाले घर चलाउनु पर्ने बाध्यता थियो। कतिपय चालकहरूले त उजको सुन्दरतामा मोहित भएर सिधै प्रस्ताव राख्थे- 'मसित बिहे गर्छौ अष्टमाया?'

त्यो बेला आफूसँगै बसिरहेको छोरोलाई उसले करुण नजरले हेर्थ्यो।

'तिमीसित बिहे गरेर यो फुच्चेलाई के गर्ने त?'

'कुनै गाडीमा खलासीको काम मिलाइ दिउँला नि।'

'खलासी बनाएर यसको पढाइ छुटाउने त! क्लासमा जहिले फर्स्ट-फर्स्ट भइरहेको छ। यस्तो होनहार छोरोलाई गाडीमा पठाउने त। अहिले खलासी बनाएर भोलिको दिनमा, बढी भए ड्राइभरसम्म होला। पढेर गयो भने यो बाबु ठूलै मान्छे हुन्छ। निधार ठूलो छ।'

अष्टमायाले यसो भन्दा विवाहको प्रस्ताव राख्नेहरू केही नबोली सुटुक्क जान्थे। उसलाई थाहा थियो, छुच्चो बोल्नु एउटा ग्राहक गुमाउनु हो। भोलिदेखि त्यो ड्राइभर उसको ठेला गाडीमा चुरोट किन्न आउँदैनथ्यो। छोराकै लागि भनेर उनले जीवनको अर्को विवाह गरिनन्। बेपत्ता भएको श्रीमानको पर्खाइ भने उनको जीवनमा चिरकालसम्म रह्यो।

श्रीमान् बेपत्ता भएको धेरै वर्षपछि एक जना छिमेकीले उनको श्रीमान् अर्की नै श्रीमती लिएर पोखरामा बस्दै आएको कुरा उसलाई सुनायो। त्यसपछि उसले श्रीमानको खोजीनीति गरिनन्। उनले बाँकी जीवन छोराको भविष्यको लागि सुम्पिइन्।

छोरा पढाइमा अब्बल थियो। अब ठेला गाडीलाई घचेट्दा छोराले पनि आफ्ना दुई हातले ठेल्ने भयो। छोराले आमाको ठेलाबाट पानीका दुइटा बोतलहरू निकालेर दुई हातमा समातेर बस्थ्यो। उसको गरिबी झल्किरहेको कलिलो अनुहारलाई देखेर कयौँ मानिसले प्यास नलाग्दा पनि पानीको बोतल किनिदिन्थे।

दिन बित्दै गयो। छोराले एसइईमा राम्रो अङ्क ल्यायो। त्यो दिन अष्टमायाले चुरोट किन्न आउने चिनेका धेरैजसो ग्राहकलाई मिठाई बाँडी। सबैले उसलाई 'लौ बधाई छ अष्टमाया, अब तिम्रो सुखको दिन फिर्ता भयो' भनेर बधाई दिए। सायद जीवनमा त्यो दिन जति उनी कहिले खुसी भएकी थिइनन्।

छोराले एसइईपछि पनि आफ्नो पढाइमा अब्बलता प्रदर्शन गर्दै प्लस टूमा पनि टप नै भयो। भाग्यकै अनुकम्पाले छोराले इन्जिनियरिङमा उच्च शिक्षाका लागि जर्मनी जाने अवसर प्राप्त गऱ्यो। जीवनमा ठेला गाडी मात्र चढेको छोराको भाग्य उज्यालिएर हवाईजहाज चढ्यो। जर्मन गएपछि चार वर्षको लागि भनेर विदेश गएको छोरा सात वर्षसम्म फर्केर आएन।

सात वर्षपछि छोरा फर्केर आयो तर पहिला जस्तो थिएन, निकै बदलिएर आएको थियो। सानोमा ठेला धकेल्ने छोरो ठेलालाई निकै घृणाको नजरले हेऱ्यो। छोराले अलि रुखो स्वरमा आमालाई भन्यो, 'तपाईँ अब मसित जानुपर्छ'

'कहाँ?'

'जर्मन'

'मलाई नेपाल नै ठीक छ। यो ठेलालाई अब छोड्न सक्दिनँ।'

'कति दिन ठेला ठेल्नुहुन्छ? अब हाम्रो जीवनमा सुखको दिन आयो। अब एउटा चुरोट बेचेर पाँच रुपैयाँ थाप्नु पर्दैन। अब हामीले चाह्यौँ भने यो सहरभरि यस्ता ठेलै ठेलाले भरिदिन सक्छौँ।'

उनले करुण नजरले छोरालाई हेरिन्। उसको आँखामा अझै ठेलाप्रतिको घृणा पुछिएको थिएन। छोराको आँखामा ठेलाको माया रतिभर पनि देखिनन्। सानोमा एकपटक ठेलामा बस्छु भनेर ठेलाको चक्का समातेको याद गरी। त्यो बेला छोराको जिद्दीसामु ऊ पटक पटक हारी र आज पनि हारी, छोराको लागि अति प्रिय ठेलालाई डेराको कोठामा बिसाएर जर्मन प्रस्थान गरी।

जर्मन पुग्दा पो थाहा पाई, छोराले विदेशी केटी बिहे गरेको रहेछ। सन्तान भएको थिएन। त्यहाँको परिकार, भाषा, संस्कृति र रहनसहन केही कुरा पनि उसको लागि रुचिकर भएन। उसलाई जर्मन त्यति मन परेन। उसलाई त्यहाँ रहँदा आफ्नो ठेलाको असाध्यै याद आयो। गएको पन्ध्र दिनमै अष्टमायाले छोरालाई नेपाल फर्किन्छु भनेर जिद्दी गरी। अति नै जिद्दी गरेपछि छोराले अष्टमायालाई उसकै देशमा, उसकै सहरमा फेरि छोड्न आयो।

आफ्नो अनिच्छा बावजुद पनि ठेला धकेलेकी आमालाई त्यस दिनपछि छोराले कहिले सम्झेन। उनले फेरि सडकमा पुरानो पेसालाई नै धान्दै, ठेला धकेल्दै सामान बेच्न सुरु गरिन्।

जाने बेलामा छोराले आमालाई भन्यो- 'एउटा कुरा याद गर्नुस् आमा, यो देशको सरकारले जनतालाई गरिबीसिवाय केही दिँदैन। यहाँको सरकारले तपाईँको ठेला खोसिएको हामी विदेशमा बसेर टुलुटुलु हेर्न नपरोस्। आजबाट नेपाल आमा र आमा दुवैलाई त्यागेँ मैले।'

छोराको कठोरतामा अष्टमायाले पनि कठोर भएर जवाफ दिई, 'तिमीलाई यो ठेला ठेल्दै गरेकी आमा देखेर लाज लाग्यो होला तर एउटा कुरा सुन, म बाँच्ने यही ठेलामा हो र मर्ने पनि यसैको मुनि हो।'

आमाको कुराले छोराले मन दुखाएर गयो। त्यसपछि छोरा जर्मनबाट कहिले फर्केन र आमालाई फोन पनि गरेन। समय बित्दै गयो। सहर पनि पहिला जस्तो भएन। स्थानीय सरकार फेरिसकेको थियो। अब त सडकमा बेच्दै गरेको सामान नगरप्रहरी आएर निर्ममतापूर्वक उठाएर लैजान्थे। अष्टमायाको ठेला पनि दुई पटक उठाएर लगिसकेको थियो। तर उनको हारगुहारपछि ठेला दुवै पटक फिर्ता पायो।

तेस्रो पटक उठाएर लैजाँदा अष्टमाया वडामा गएर खुब रोइन् तर उनले ठेला फिर्ता पाइनन्। उनको रुवाबासीलाई देखेर स्थानीय प्रशासनले अष्टमायासँग नागरिकता पेश गर्नू भन्यो। अष्टमायाले आफ्नो तस्बिर खिचेको नागरिकता वडामा पेश गरिन्।

त्यसपछि वडा अध्यक्षले अष्टमायालाई एउटा चिठी थम्याउँदै बोल्यो-'यो पटक तपाईँले आफ्नो ठेला त पाउनु हुन्न। तपाईँलाई हामी यो सहरमा अलपत्र पनि छोड्दैनौँ। यो चिठी लिएर पशुपति वृद्धाश्रममा जानुस्। हामीले एकल महिला भनेर तपाईँलाई सिफारिस गरेका छौँ। कहिलेसम्म यो उमेरमा ठेला धकेल्दै भाग्नुहुन्छ? अब भगवानको वरिपरि कीर्तनमा बाँच्नुस्।'

हुन पनि हो, उसको उमेर पनि ६६ वर्ष पुगिसकेको थियो। उनले नागरिकतामा भएको आफ्नै अनुहार चिन्न सकिनन्। अष्टमायाले वडाले दिएको चिठी च्यापेर पनि हात जोडी नै रहेकी थिइन्। उनको आँखाभरि आँसु थियो।

फेरि वडा अध्यक्षले भन्यो, 'तपाईँको मात्र होइन आमा। यी आउने जम्मैको ठेला खोसिएको हो। कोही पनि तपाईँ जस्तो यहाँ रोएका छैन।'

'मलाई यो पटक ठेला फिर्ता चाहिँदैन बाबु, म जाने बेला एकपटक आफ्नै ठेलालाई हेर्न चाहान्छु।'

'आफ्नो ठेलालाई चिन्नु हुन्छ र?'

'चिन्छु।'

'कसरी?'

'यो ठेला, मेरो सिन्दूरभन्दा लामो र मेरो कलेजोभन्दा भारी छ बाबु। पहिला श्रीमान मर्यो, यो मेरो पति भयो। फेरि छोरा मर्यो, यो छोरा भयो।'

अष्टमाया हिक्क-हिक्क गरी।

'यो आमालाई एकपटक उहाँको ठेला देखाउनुस् त,' वडा अध्यक्षले नगरप्रहरीहरूलाई निर्देशन दियो।

अष्टमायालाई नगरपालिकाको एउटा विशाल चौरमा लिएर गइयो। उसले एउटा चौरको कुनामा पैँतीस-चालीस वटा उठाएर ल्याइएका ठेलै ठेला देख्यो। उसले देखी, पर कुनामा आफ्नो ठेला उदास मुखाकृतिमा उसकै पर्खाइमा बसिरहेको प्रतीत हुन्थ्यो। पति र छोराले भन्दा जीवनमा लामो समय साथ दिएको ठेलाको उनलाई असाध्यै माया लागेर आयो। आफ्नो ठेलालाई अन्तिम पटकको लागि अङ्गालो मारेर धित मरुन्जेल रोइन्। त्यसपछि उनले सडक सधैँको लागि त्यागिन्।

उनले वडाले दिएको पटुकीमा घुसाएको चिठी पशुपति वृद्धाश्रममा फुकाइन्। सिफारिसमा मात्र 'असहाय एकल महिला' लेखिएको थियो, त्यसमा अष्टमायाको विगतको कथाको एक हरफ पनि थिएन। त्यसरी नै अष्टमायाको नयाँ जीवन सुरु भयो।

उनी जीवनको साँझमा त्यहाँ पुग्दा खासै अपत्यारिलो लागेको थिएन। सुरु सुरुमा आफ्नो शरीरको सक्रियतामा उनी सबै काम गर्दथिन्। समयसँगै उनको शरीर खिइँदै गयो। त्यहाँ आउने हरेक बुढाबुढी एउटा एउटा कथा लिएर आउँथे। त्यहाँको कथा सुन्दा सुन्दा संसारमा सुख भन्ने जिनिसै छैन कि जस्तो लाग्थ्यो।

वृद्धाश्रममा जाँदा सुरु सुरुमा उनलाई नपुछिएर पनि पुछिएको सिउँदोको निकै दुखेसो रहेको थियो। त्यहाँ बस्दा बस्दा, सिन्दूर पुछिएकाहरू, सिन्दूर मारिएका, सिन्दूर हराएकाहरूको अनेक कथाले उसको सिउँदोको घाउ विस्तारै विस्तारै निको हुँदै गयो। सिउँदोको घाउ त निको भयो तर विस्तारै शरीरका सक्रियताहरू मर्न थाले। पहिला दायाँ हात, पछि बायाँ हातले सधैँको लागि विश्राम लियो। उनको जीवनको अवशेष केवल आँखामा मात्र बाँकी रह्यो।

आफ्नो कथा सुनाउन उनको कथा हराएको थियो भने अरूको कथा सुन्न कानले पनि अवकाश लिइसकेका थिए। अनि वृद्धाश्रमको पिँढीमा अष्टमाया एक्लै परिन्। उनी कसैको साथी भइनन्। बिहान पूर्वतिर टोलाएर हेरे जीवनको विगत कल्पे जस्तो, साँझ पश्चिमतिर हेरे मृत्यु पर्खे जस्तो बाहेक मात्र अरू केही देखिएन।

त्यहाँ जेष्ठ नागरिकहरू एउटा एउटा कथा लिएर जाने आउने क्रम जारी नै थियो। त्यही समयमा एउटा नयाँ जेष्ठ नागरिकको आगमन भयो। ऊ अरूभन्दा स्वस्थ, तन्दुरुस्त र जवान देखिन्थ्यो। ऊ पनि एउटा कथा लिएर आएको थियो, एकल पुरुषको। तर उसले आफ्नो जीवनको कथा कसैलाई सुनाएन। ऊ अरू बुढाबुढी भएको ठाउँमा कहिले गएको देखिएन। ऊ सधैँ अष्टमाया जहाँ छे त्यही गएर टुक्रुक्क बस्थ्यो।

एक मध्यान्नमा सबै जेष्ठ नागरिकहरू आ-आफ्नो काममा व्यस्त भएका थिए। ऊ अष्टमाया बसिरहेको पिँढीको नजिकै आएर बस्यो। अष्टमाया खाँबोमा अडेस लिएर पश्चिमतिरको घामलाई नियालिरहेकी थिई। उसले कसैले आफूहरूलाई चाल नपाएको समयको मौका लिएर अष्टमायाको काँधमा हात राखेर बोल्यो, 'मलाई चिन्छौ अष्टमाया? म तिम्रो कृष्ण..!'

अष्टमायाले कृष्णलाई टोलाएर हेरिरही। अष्टमायाको कुनै जवाफ आएन।

'मलाई थाहा छ, तिमी यहीँ छौ त्यसैले त म पनि यतै आएको। जीवनभरि तिमीलाई धेरै दुख दिएँ। अब म दुख दिन्न तिमीलाई।'

उसले सिन्दूरको बट्टा खोल्यो र अष्टमायाको सिउँदोमा लामै सिन्दूर लगाइदियो। सिउँदोमा सिन्दूर लगाउँदा अष्टमाया अचेतन मनले हाँसिरही। कृष्ण पनि अष्टमायाको अचेतन मनबाट प्रस्फुटित भएको हाँसोमा एकक्षण मुसुक्क हाँस्यो। उनलाई विवाह भएको रातको अष्टमायाको पहिलो हाँसोको याद आयो। जुन हाँसोको उज्यालो सामु नौलाख ताराको उज्यालो पनि मधुरो भएको थियो।

ऊ अष्टमायाको काँधमा हात राख्दै बोल्यो- 'अष्टमाया! तिम्रो यो सिउँदो मेटिएको छैन। अब यो सिन्दूर लगाएर तिमी सधवा भएर बस। ऊ त्यो बगरमा मलाई सेलाएपछि मात्र यो सिउँदो खाली गर,' उसले मुर्दा पोल्दै गरेको पशुपतिको घाटतिर औँलाले देखाउँदै बोल्यो।

ऊ त्यो दिन अष्टमायाको सिउँदोमा सिन्दूर लगाएर पिँढीको अर्को कुनामा घाम ताप्न हिँड्यो। सबै आ-आफ्नो काममा व्यस्त भएकोले एउटा कुनामा कृष्णले अष्टमायाको सिउँदो रंगाएको कसैले देखेन। त्यो दिन त्यस्तै भयो। कति बुढाबुढीले बत्ती काट्न सकाए। कतिले बाघचाल खेल्दै ढुङ्गा भोलिको लागि एउटा कुनामा थुपारे। कोही आँखा मिच्दै उठे।

साढे सातको खाना खाने बेलामा भात खुवाउने सेविकाले उसको सिउँदोमा लामो धर्को सिन्दूर देखेर रिसाई। उसले त्यहाँ भात खाँदै गरेकी सबै जेष्ठ नागरिकलाई इंगित गर्दै सोधी, 'कसले लगायो अष्टमायाको सिउँदोमा सिन्दूर? यो सिन्दूर कसको हो? एउटी अपाहिज महिलामाथि यस्तो गर्न पाइन्छ तपाईँहरूले? जसले लगाएको हो, उसलाई म कारबाही गर्छु। अष्टमायाको पति छैन। हामीले बालविधवा भएकी एकल महिला भएर बाँच्दै आएकी भन्ने सिफारिसमा यता ल्याएका हौँ।'

कसैले ती सेविका कराएको सुने, कसैले सुनेनन् तर सबै बुढाबुढी भात निल्दा-निल्दै चुप लागे। त्यसपछि ती सेविकाले छेवैको एक मैलो कपडाको टालो टिपेर अष्टमायाको सिन्दूर पुछी। कृष्णले परबाट आफ्नै सिन्दूरको हत्या भएको टुलुटुलु हेरेर बसिरह्यो। अष्टमाया सिन्दूर पुछिँदा पनि अचेतन मनले हाँसिरही भने कृष्णले भने बग्न खोजेको आफ्नो आँसु बलैले सम्हाल्यो। अष्टमाया आफ्नै पतिको अगाडि आज हाँसी हाँसी विधवा भई।

कुनै समय जुन सिउँदो उसको जीवनको सबैथोक थियो, आज आएर उसले त्यो सिउँदो रंगाएको र पुछेको पनि चाल पाइन। ऊ रंगाउँदा पनि हाँसी र पुछिँदा पनि हाँसिरही, किनकि ऊ आज यतिसम्म पनि बोल्न सक्दिन कि म अष्टमाया हुँ।

# बंगालको खाडीबाट फेरी आँधी आउने सम्भावना

झापा(प्रस) । बंगालको खाडीमा यस सिजनको दोस्रो चक्रवात-आँधी आउने सम्भावना देखिएको छ।
मौसम विभागको पूर्वानुमान अनुसार, दक्षिण पूर्व बंगालको खाडी र दक्षिण अन्डमान सागर नजिक लो प्रेसर एरिया बनिरहेको छ, जसले आँधीको रुप लिन सक्छ।
यससँगै भारतका तीन राज्य तमिलनाडु, आन्ध्र प्रदेश र ओडिशामा भारी वर्षासँगै आँधी-चक्रवातको आउने सम्भावना औँल्याइएको भारतीय संचारमाध्यमहरूले उल्लेख गरेका छन्।
भारतीय मौसम विभागले, देशको पश्चिमी मध्य प्रदेश र वरपरका हिस्सामा शीतलहरको सम्भावनासँगै यलो अलर्ट जारी गरेको समाचारमा जनाइएको छ।
सम्भावित साइक्लोन यस सिजन (पोस्ट मनसुन) मा बंगालको खाडीमा बनेको दोस्रो चक्रवात हुनेछ । यसअघि बंगालको खाडीमा चक्रवात आँधी मोन्था विकसित हुँदा गत महिना त्यसको प्रभाव स्वरूप नेपालमा समेत भारी बर्षा भएको थियो।
अहिले समुद्रको परिस्थितिहरु शक्तिशाली आँधीका लागि अनुकूल बनिरहेको मौसमविद्हरु बताउँछन्।
यसैबीच जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान महाशाखाले हाल



देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको जनाएको छ।
देशका पहाडी तथा हिमाली भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम मुख्यतः सफा रहेको भन्दै महाशाखाले कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशका हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना औंल्याएको छ।
भोलि कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशको पहाडी तथा हिमाली भू-भागमा आंशिक बदली रहने र कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना देखिएको छ।
आइतबार पनि कोशी प्रदेश र गण्डकी प्रदेशको पहाडी तथा हिमाली भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम मुख्यतः सफा रहने पूर्वानुमान गरिएको छ।
साइक्लोन (चक्रवात) त्यस्तो क्षेत्र वरिपरि बन्छ जहाँ वायु मण्डलीय चाप वरपरका क्षेत्रहरू भन्दा कम हुन्छ। यसले बादलको आवरण र वर्षा जस्ता मौसमी घटनाहरू निम्त्याउन सक्छ, तर यो शक्तिशाली आँधीभन्दा कम गम्भीर हुन्छ।
समाचार एजेन्सी पीटीआईले एक अधिकारीलाई उद्धृत गर्दै नोभेम्बर २१ (आज) देखि यो चक्रवातको चाप तीव्र हुने आशंका गरिएको बताएको छ।
मौसम विभागका अनुसार
निकोबार टापुमा एक, दुई स्थानमा भारी देखि अत्यधिक वर्षा (७ देखि २० सेन्टिमिटरसम्म) हुने सम्भावना रहेको छ। अण्डमानमा पनि भारी वर्षा (७-११ सेन्टिमिटरसम्म) हुने अनुमान गरिएको छ।
'नोभेम्बर २४ र २५ मा, अण्डमान र निकोबार टापुहरूका एक, दुई स्थानमा तीब्र हावा (४०-५० किलोमिटर प्रति घण्टा) र चट्याङसँगै मेघ गर्जन र बिजुली चम्कने सम्भावना उच्च छ' ति अधिकारीले भनेका छन्।
अर्को तर्फ, अण्डमान सागरमा सतहमा हावाको गति ३५-४५ किलोमिटर प्रति घण्टा हुनेछ जुन ५५ किलोमिटर प्रति घण्टासम्म पुग्न सक्ने औँल्याइएको छ।
मौसमविद्का अनुसार, सुमात्रा नजिकै २०० किलोमिटर लामो समुद्री क्षेत्र दुई अलग-अलग अनुकूल मौसम क्षेत्रहरू बीच अवस्थित छ, र यो भागले चक्रवातको दिशालाई असर गर्छ।

यद्धपी चक्रवातको दिशा र शक्ति कस्तो हुन्छ निश्चित छैन। अधिकांश मौसमी ढाँचाहरूले अव सम्भावित चक्रवात बन्ने अनुमान गरेका छन् र विज्ञहरुले सतर्क रहन सल्लाह दिएका छन्।

# जसपा नेपालले गऱ्यो आन्दोलनका कार्यक्रम घोषणा

झापा(प्रस) । जनता समाजवादी पार्टी नेपालले संविधान संशोधनको माग गर्दै सङ्घर्षको कार्यक्रम घोषणा गरेको छ । सो पार्टीले संविधान संशोधनसहितको माग राखी प्रधानमन्त्री सुशीला कार्कीलाई २८ बुँदे माग बुझाउने तयारी पनि गरेको छ । मंसिर १० गते प्रत्येक जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री कार्कीलाई ज्ञापनपत्र बुझाउने तयारी रहेको सो पार्टीका महासचिव रामकुमार शर्माले बताए ।
दुई दिनसम्म चलेको कार्यकारिणी समितिको बैठकले संगठन सुदृढ, चुनाव र सङ्घर्षका कार्यक्रम तय गरेको उनले बताए । मंसिर ११ देखि १५ गतेसम्म प्रत्येक संसदीय क्षेत्रका सहर र बजार क्षेत्रमा विरोध कार्यक्रम, कोणसभा र जनपरिचालन गर्नुका साथै मंसिर १९ देखि २१ गतेसम्म जिल्ला प्रशासन कार्यालय अगाडि शान्तिपूर्ण धर्ना दिइने कार्यक्रम रहेको उनले बताए ।
मंसिर २७ देखि पुस ४ सम्म देशभर जिल्लास्तरीय विरोध सभा तथा जनसभा आयोजना हुने जानकारी गराउँदै उनले प्रदेशस्तरीय विरोध सभाका कार्यक्रम पनि तय गरेको बताए ।
साथै पुस १२ गते विराटनगर, पुस १४ गते जनकपुर, पुस १५ गते वीरगन्ज, पुस १७ गते नेपालगन्ज र भैरहवाका लागि कार्यक्रम तय भएको छ । महासचिव शर्माले भने, 'संविधान निर्माणप्रति जसपा नेपालले पहिलादेखि नै असहमति जनाउँदै आएको थियो, संविधान पुनर्लेखनको माग आफ्नो पार्टीले नै सुरुदेखि उठाएको हो, तर विगतका सरकारले त्यसमा कुनै ध्यान दिएन यो सरकारले पनि संविधान पुनर्लेखन वा संशोधन गरोस् भने हाम्रो माग हो र त्यसका लागि हामीले आन्दोलनका कार्यक्रम तय गरेका हौं ।'

प्रत्यक्ष कार्यकारी राष्ट्रपति, पूर्ण समावेशी संसद्, स्वायत्त अधिकार सम्पन्न प्रदेश, समान जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, राज्यको पुनर्संरचना लगायतका विषय संविधानमा संशोधन हुनुपर्ने माग आफूहरूले राखेको उनले बताए ।

# अवसरवादीका कारण प्रचण्डले पार्टी नै विघटन गरेः जनार्दन

झापा(प्रस) । प्रगतिशील अभियानका संयोजक जनार्दन शर्माले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को अवसरवादी चरित्रकै कारण माओवादी पार्टी नै विघटन भएको आरोप लगाएका छन् ।

राजधानीको त्रिपुरेश्वरमा शनिबार आयोजित राष्ट्रिय भेलामा बोल्दै शर्माले पार्टी निर्माणका विषयमा आफूले दुई वर्षसम्म निरन्तर आवाज उठाए पनि प्रचण्डले कुनै पनि सुझाव वा असन्तुष्टि सम्बोधन गर्न नचाहेको दाबी गरे। उनले पार्टीभित्रको समस्यालाई समयमै समाधान गरिएको भए अहिलेको 'जेनजी विद्रोह' जन्मनै नपर्ने दाबी गरे ।

शर्माले प्रचण्डसँगको अन्तिम भेटमा आफूले 'आजसम्म तपाईं मेरो नेता हो, अब होइन' भनेको स्पष्ट पारे । तर प्रचण्डले बाहिर 'जनार्दनले आज पनि तपाई मेरो नेता हो, भोलि पनि हो' भनेर प्रचार गरेको भन्दै उनले असन्तुष्टि पोखे ।



उनले प्रचण्डलाई लगातार 'छलछामको राजनीति' गरेको आरोप लगाउँदै माओवादी केन्द्र अन्य पुराना पार्टीसँगै अवसरवादमा फस्दा जनता निराश बनेको र त्यसकै परिणामस्वरूप जेनजी विद्रोह जन्मिएको बताए।
शर्माले नेतृत्व परिवर्तनको सम्भावना र महाधिवेशनपछि पार्टी सुदृढ भएर अघि बढ्ने डरले प्रचण्डले एकताको नाटक गर्दै पद टिकाइराख्न खोजेको समेत आरोप लगाए । 'पद र राज्य दोहनमा रहने लोभका कारण प्रचण्ड अहिले पनि त्यही खेलमा छन्, तर अब त्यो सम्भव छैन,' उनले भने।
शर्माले प्रचण्डको अवसरवादी चरित्र र गलत निर्णयकै परिणामस्वरूप माओवादी पार्टी नै विघटनको अवस्थासम्म आइपुगेको निष्कर्ष प्रस्तुत गरे।
उनले आफूहरुको पार्टी बामपन्थी पार्टी हुने समेत जानकारी दिए ।

यस्तै उनले पार्टी सामूहिक नेतृत्व प्रणालीमा जाने समेत जानकारी दिए । 'यो पार्टीले नेपाली विशेषताको मार्क्सवादी सिद्धान्त अँगाल्छ । द्वन्द्वात्मक भौतिकवादी दृटिकोण अँगाल्छ,' उनले भने ।
यस्तै नयाँ पार्टीको केन्द्रीय समिति ९९ सदस्यीय बनाउनेबारे छलफल भएको समेत बताए । त्यसपछि सङ्गठन निर्माण अभियान चलाउने उनको भनाइ थियो ।

# जनशक्ति अभावमा भोजपुर अस्पतालको सेवा प्रभावित



झापा(प्रस) । जनशक्ति अभाव हुँदा भोजपुर अस्पतालका उपकरणहरु जनशक्ति अभावले प्रयोगमा आउन नसकेको जनाइएको छ । सदरमुकाममा रहेको एक मात्र सरकारी भोजपुर अस्पतालमा संघीय सरकारको करिब रु दुई करोडको लागतमा सघन उपचार कक्ष (आइसियू) तयार भएको छ ।
आइसियू तयार भए पनि आवश्यक जनशक्ति अभावमा सञ्चालन गर्न नसकिएको अस्पतालका प्रमुख डा पवित्रा श्रेष्ठले बताइन् । डा. श्रेष्ठले भनिन्, 'पाँच वर्ष अगाडि नै आइसियू तयार भए पनि जनशक्ति अभावमा सञ्चालन गर्न सकिएको छैन, करारमा पनि कर्मचारी राख्न सकिएको छैन ।'
नागरिकको स्वास्थ्यका लागि भएको प्रविधि प्रयोगमा आउनुपर्ने नागरिक समाजका संयोजक पर्शुराम तिवारीको भनाइ छ । उनले भने, 'दुर्गमका अस्पतालमा सरकारले जनशक्ति व्यवस्थापन गर्न नसक्दा स्वास्थ्य सेवा प्रभावित भई रहेको छ, भोजपुर अस्पतालको समस्या यही हो ।'
जिल्ला अस्पतालमा भौतिक रुपमा सुविधा सम्पन्न हुँदै गए पनि आवश्यक जनशक्ति अभावका कारण समय र पैसा खर्च गरेर धरान, विराटनगर, काठमाडौँ जस्ता सुविधा सम्पन्न अस्पताल जानुपर्ने बाध्यता अझै हट्न सकेको छैन ।

# 'परिवर्तन सम्भव छ' म्युजिक भिडियो सार्वजनिक

झापा(प्रस)। प्रेरणादायी म्युजिक भिडियो 'परिवर्तन सम्भव छ ' औपचारिक रूपमा सार्वजनिक गरिएको छ । आशा, सत्यनिष्ठा, उठाउने, सुशासनको माग गर्ने र जिम्मेवार नेतृत्वको आवश्यकता जोडिने युवापुस्ताको अभियानलाई साथ दिएको छ। गीतमा "परिवर्तन




सुशासन र राष्ट्रिय चेतनाको सन्देश बोकेको यस गीतले युवापुस्तालाई सकारात्मक परिवर्तनका लागि एकजुट हुन आह्वान गरेको छ ।
चिनारीले निर्माण गरेको यस भिडियोमा गीतका शब्द र संगीत विक्रम राजवंशीले तयार पारेका हुन् भने नेहा श्रेष्ठले स्वर दिएकी छन्।
भिडियोले भ्रष्टाचारविरुद्ध आवाज सम्भव छ, हामी जुटौं, हामी एक हौं" जस्ता पंक्तिहरूले सामूहिक चेतना र जागरणको सन्देशलाई बलियो बनाउन खोजेको छ ।
समग्रमा, यो म्युजिक भिडियोले सुशासन, पारदर्शिता र जिम्मेवारीपूर्ण नागरिकको पक्षमा जेनजी पुस्ताको आवाजलाई कलात्मक तर शक्तिशाली ढंगले अभिव्यक्त गरेको छ।

## निर्वाचनमा...

नगरेसम्म निर्वाचनमा भाग नलिने बताउँदै आएका छन् । उनको मुख्य माग प्रत्यक्ष निर्वाचित कार्यकारी छ ।
प्रहरीका एकजना उच्च अधिकृत भन्छन्, 'निर्वाचनमा जानेबारे जेनजीमा कन्फ्युजन छ, सो समूहमा एकमत नहुँदा निर्वाचनमा चुनौती थपिन्छ ।'
जेनजी प्रदर्शनमा फरार भएका कैदी र लुटिएका हतियार निर्वाचनमा चुनौती देखिएका छन् । एकजना उच्च प्रहरी अधिकृत भन्छन्, 'फरार कैदी र हतियार २०७९ मा भएको निर्वाचनमा भन्दा अहिलेको निर्वाचनमा थप चुनौती हुन् ।'
जेनजी प्रदर्शन हुँदा भदौ २४ मा आन्दोलनकारीको आक्रमणबाट प्रहरीले आफ्ना सवारी साधन र भौतिक संरचना गुमाएको छ । भिड नियन्त्रणमा प्रयोग गरिने सामग्री लुटिएको र नष्ट भएको छ । प्रहरीको क्षमतामा आएको ह्रासका कारण पनि सुरक्षा चुनौती बढ्ने प्रहरी अधिकृतहरू बताउँछन् । जेनजी प्रदर्शनमा प्रहरीले काठमाडौँ उपत्यका, कोशी प्रदेश, गण्डकी, मधेश र लुम्बिनीमा धेरै क्षति व्यहोरेको छ । एकजना उच्च प्रहरी अधिकृत भन्छन्, 'हाम्रो काम गर्ने क्षमतामा ह्रास आएको छ, त्यसलाई पनि सुरक्षा चुनौतीको रूपमा विश्लेषण गरिएको छ ।'
दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले निर्वाचन बिथोल्न सक्ने सुरक्षा निकायको विश्लेषण छ । प्रसाईं निकट माधव खतिवडाले निर्वाचन आयोगमा 'नागरिक बचाउ दल' दर्ताका लागि निवेदन दिएका छन् । यो दललाई प्रसाईंको समर्थन रहेको भनिएपछि उनी त्यसबारे बोलेका छैनन् ।
एकीकृत निर्वाचन सुरक्षा योजनामा दुर्गा प्रसाईंको समूहले चुनाव बिथोल्न भूमिका खेल्नसक्ने विश्लेषण गरिएको छ ।
केन्द्रीय सुरक्षा समितिका एकजना सदस्य भन्छन्, 'प्रसाईंको समूहले चुनावमा भाग लिने निश्चित छैन, उनी चुनावको लागि चुनौति हुनसक्छन् ।'
दलको संख्या धेरै हुनुलाई पनि चुनौतीको रूपमा लिइएको छ । नयाँ ३० वटा राजनीतिक दल आयोगमा दर्ता प्रक्रियामा छन् । सशस्त्र प्रहरी बलका एकजना उच्च अधिकृत भन्छन्, 'नयाँ पार्टी धेरै भए, चुनावमा झडप हुनसक्छ ।'
नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा (माओवादी) चुनावमा सहभागी हुन्छ या हुँदैन भन्नेबारे भन्न नसकिने सुरक्षा अधिकृतहरू बताउँछन् । विप्लव समूह र चुनाव बिथोल्ने अदृश्य शक्तिहरूलाई पनि सुरक्षा निकायहरुले सुरक्षा चुनौतीको रूपमा विश्लेषण गरेका छन् ।
मौसमलाई पनि चुनावको चुनौतीको रूपमा लिइएको छ । हिमाली क्षेत्रमा फागुनभर नै चिसो मौसम हुने हुनाले सुरक्षाकर्मी परिचालन र लजिस्टिक ढुवानीमा समस्या हुनसक्ने सुरक्षा अधिकारीहरू बताउँछन् । एक उच्च सुरक्षा अधिकृत भन्छन्, 'मतदाताहरु पनि हिमाली क्षेत्रमा चिसोका कारण पुग्न नसक्ने चुनौती हुनसक्छ ।'
२०७९ मंसिर ४ मा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको सुरक्षामा करिब ३ लाख सुरक्षाकर्मी परिचालन गरिएको थियो । देशभर कुल १० हजार ८९२ मतदानस्थल तोकिएको थियो । अहिले मतदानस्थल तय भइसकेको छैन ।
२०७९ मा पनि सुरक्षा निकायले 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई मुख्य सुरक्षा चुनौतीको रूपमा विश्लेषण गरेको थियो । त्यसबेला विप्लवसहित ३१ समूह निगरानीमा थिए ।
२०७९ मा ३ हजार ६६ मतदानस्थललाई अति संवेदनशीलमा राखिएको थियो । जिल्ला सुरक्षा समितिको सिफारिसको आधारमा निर्वाचन आयोगले अति संवेदनशील र संवेदनशील मतदानस्थलको वर्गीकरण गर्छ ।

**सुपर काईनेटिक एक्सप्रेस करियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर
वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ